# आन्तरिक सजावट (निर्माण) बारेको १५ दिने शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०४/१० गतेको कारोवार राष्ट्रिय दैनिक

यस वित्तीय संस्थाको सानागाउँ, ललितपुर शाखा कार्यालयको स्थापना एवं आन्तरिक संरचना (निर्माण) का कार्यहरु गर्नुपर्ने भएकोले, निर्माण कार्यसँग सम्बन्धित अनुभव प्राप्त ईच्छुक फर्म/कम्पनीहरु (सिभिल, इन्टेरियर, फर्निचर, इलेक्ट्रिकल, सिसि टिभी एण्ड नेटवर्किङ, एयरकण्डिशन, आदि) बाट यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०८१/०४/२५ गते दिनको २:०० बजे भित्र शिलबन्दी फारम यस वित्तीय संस्थाको तिनकुने, काठमाण्डौ स्थित कर्पोरेट कार्यालयमा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

बोलपत्र सम्बन्धी अन्य विवरण निम्नानुसार हुनेछ।

१. उक्त शाखाको आन्तरिक संरचनाको लागि बोलपत्र फारम यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय, तिनकुनेबाट प्रति बोलपत्र फाराम रु. १०००/– (एक हजार) (पछि फिर्ता नहुने) शुल्क भुक्तानी गरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फाराममा दररेट उल्लेख गर्दा कुनै केरमेट भएमा उक्त बोलपत्र मान्य हुने छैन।
३. दररेट उल्लेख गर्दा अंक र अक्षरमा फरक भएमा अक्षरमा उल्लेखित दररेट मान्य हुनेछ।
४. बोलपत्र फारमको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक हस्ताक्षर भएको हुनुपर्नेछ।
५. बोलपत्रसाथ आफुले उल्लेख गरेको कुल रकमको ५%(प्रतिशत) हुन आउने रकम बराबरको 'क', 'ख' वा 'ग' वर्गको बैंक तथा वित्तीय संस्थाबाट जारी भएको बिडबण्ड-जमानतपत्र, गुड फर पेमेण्ट चेक वा यस संस्थाको तिनकुने शाखामा रहेको खाता नं ९०२११६१०२००००४ मा नगद जम्मा गरेको भौचर समावेश गर्नुपर्नेछ।
६. बोलपत्रसाथ निवेदन, फर्म कम्पनीको विवरण, बिगतमा बोलपत्रदाताबाट गरेको कार्यको विवरण, फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र वा पछिल्लो आर्थिक वर्षको कर दाखिलाको प्रमाण पत्र, कम्पनीसँग सम्बन्धित शेयरधनी लगत, स्थाइ लेखा दर्ता नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपिहरु, कालो सूचीमा नपरेको स्वघोषणापत्र तथा विगत ५ वर्षमा कम्तिमा ५ वटा बैंक तथा वित्तीय संस्थामा काम गरेको कार्य अनुभवको प्रमाण पेश गर्नु पर्नेछ।
७. कुनै शर्त राखी, म्याद नाघी आएको वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
८. प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिन (श्रावण २५, २०८१) अपरान्ह १:०० बजे यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय, तिनकुनेमा बोलपत्र आवेदकको प्रतिनिधिहरुको उपस्थितीमा खोलिनेछ। तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। फारम बुझाउने अन्तिम दिन वा बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा लगत्तै पछि कार्यालय खुलेको दिन कार्य गरिनेछ।
९. बोलपत्रदाता र वित्तीय संस्थाबीच कुनै विवाद भएमा वित्तीय संस्थाको निर्णयलाई नै अन्तिम मान्यता दिइनेछ। कुनै शर्त/विवरण/प्रक्रिया/कार्यविवरणको अन्तिम परिभाषा वित्तीय संस्थाले नै गर्नेछ।
१०. प्राप्त बोलपत्र स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ।
११. छनौट भएका बोलपत्रदाताले निर्माण सम्झौतामा आर्थिक प्रशासन विनियमावली अनुसार हुन आउने परफरमेण्स बण्ड बापतको नगद धरौटी जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।
१२. यो सूचनामा छुट्न गएका तथा अन्य विस्तृत शर्त, कार्यविवरण तथा विषयहरु बोलपत्र फाराममा उल्लेख भए अनुसार तथा वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावली बमोजिम हुनेछ।
१३. यस सम्बन्धी थप जानकारी तथा अन्य शर्तहरुको लागि यस वित्तीय संस्थाको सामान्य सेवा विभागमा सम्पर्क गर्न अनुरोध छ।